# राष्ट्र ऋण उठाउने अ धकारको व्यवस्था गर्न बनेको  वधेयक

प्रस्तावनाः आ र्थक वर्ष 2074/75 को नि मत्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउन वाञ्छनीय भएकोले,

नेपालको सं वधानको धारा 296 को उपधारा (1) बमोजिमको व्यवस्था पका- संसदले यो ऐन बनाएको छ ।

1. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “राष्ट्र ऋण उठाउने ऐन, २०७4” रहेको छ।

(२) यो ऐन सम्वत् 2074 साल साउन 1 गतेदे ख लागू हुनेछ।

२. राष्ट्र ऋण उठाउने अ धकारः (१) आ र्थक वर्ष 2074/75 को नि मत्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न नेपाल सरकारले आ र्थक वर्ष 2074।75 को अन्त्यमा अ ध वकर्ष बापत तिर्न बाँकी रकम र अन्य तिर्न बाँकी रकममा थप रु. 1,45,00,00,00,000।- (अक्षरेपी एक खर्ब पैंतालीस अर्ब) मा नबढ्ने गरी त्यतिसम्म रकमको राष्ट्र ऋण उठाउन सक्नेछ।

तर यसरी उठाइने राष्ट्र ऋण रकममा नेपाल सरकारले प्रच लत कानून बमोजिम  लन पाउने अ ध वकर्ष रकम समावेश हुने छैन।

(२) नेपाल सरकारले आ र्थक वर्ष 2074/75 सम्मको नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी अ ध वकर्षलाई नेपाल सरकारले ट्रेजरी बिलमा परिणत गर्न स्वीकृति दिन सक्नेछ ।

(३) यस दफा बमोजिम उठाइएको राष्ट्र ऋणको साँवा ब्याज भुक्तानी गर्ने अव ध र सो ऋणको ब्याजको दर राष्ट्र ऋण ऐन, २०५९ बमोजिम हुनेछ।